"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान "

# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सितली, इलाम

फोन: ०२७४१२२२२
वेबसाइट: maimun.gov.np
इमेल: mainagarpalika@gmail.com
फेसबुक पेज: fb.com/maimun2
कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च. नं.: 55

मिति : २०८२/०५/०१
ने.सं.११४५ गुलाथ्व नवमी आइतबार

श्री वडा कार्यालय (सबै)
सम्बन्धीत सरोकारवाला (सबै)
माई नगरपालिका,इलाम।

**विषय: विगतका आयोग समिति र कार्यादलका बाँकी अधुरो काम सम्बन्धी निवेदन दिने अन्तिम पटकको ३५ दिने सूचना।**

प्रस्तुत विषयमा भुमि समस्या समाधान आयोग तहाँचाल काठमाण्डौले मिति २०८२/०४/३० गते प्रकाशित ३५ दिने सूचना बमोजिम **विगतका आयोग, समिति र कार्यादलका बाँकी अधुरो काम - जग्गाको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित** लगायत सम्मस्या भए आवश्यक कागतजातहरु सहित अनुसुची २ बमोजिम ढाचाँमा जिल्ला समितिको सचिवालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ। साथै आयोगको सूचना यसैपत्र साथ संलग्न रहेको व्यहोरा अनुरोध छ।

**बोधार्थ:**

१. श्री भुमि समस्या समाधान आयोग जिल्ला समितिको कार्यालय ,इलाम।
२. श्री वडा कार्यालय सबै- आवश्यक समन्वय तथा जानकारीका लागि।

(हस्ताक्षर) २०८२/०५/०१
(लक्ष्मण भुर्तेल)
नि. प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण भुर्तेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

CamScanner